का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ जेठ २०८०,
सोमबार
29 May 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १२३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# गणतन्त्र दिवसमा रेशम चौधरीलाई माफी

रेशम चौधरी २०७२ साल भदौमा कैलालीको टिकापुरमा थरुहट आन्दोलनका क्रममा ७ जना सुरक्षाकर्मी र एक नाबालकसहित ८ जनाको मृत्यु भएको घटनामा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट दोषी ठहर भएका थिए । तर राष्ट्रपति पौडेलले गणतन्त्र दिवसको अवसर पारेर चौधरीको कैद सजाय माफी गरिदिए ।



सरकारले चाहेको अवस्थामा सजाय माफी दिनसक्छ । तर व्यवस्थालाई दुरुपयोग गरेर शासनलाई सत्तासँग जोड्ने, राजनीतिसँग जोड्ने, उन्मुक्ति दिँदै जाने हो भने यसले कस्तो नजिर बस्न सक्छ ?

● **महेश बर्तौला**
**सचेतक, एमाले**





सर्वोच्च अदालतले पनि सजायलाई निरन्तरता दिने भनेको अवस्थामा गम्भीर अपराधको दोषी करार भइसकेको व्यक्तिलाई आममाफी दिनु गलत कार्य हो ।

● **डा. कुन्दन अर्याल**
**अध्यक्ष, इन्सेक**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ जेठ ।

राष्ट्रपति रामचन्द्र पौडेलले जन्मकैदको सजाय काटिरहेका रेशम चौधरीको कैद सजाय माफी दिएका छन् । मन्त्रिपरिषद्को सिफारिसमा सत्तारुढ दल नागरिक उन्मुक्ति पार्टी नाउपाका संस्थापक रेशम चौधरीसहित १९ जनाको कैद सजाय माफी भएको हो ।

मन्त्रिपरिषद्को जेठ १४ गते बसेको बैठकले रेशमको कैद माफीका लागि सिफारिस गर्ने निर्णय गरेको थियो ।

यस्तै ७ जना जेष्ठ नागरिकसहित ४८२ जनाको बाँकी कैद सजाय माफी भएको छ । संविधानको धारा २७६ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको दफा ३७ तथा जेष्ठ नागरिक ऐनको दफा १२ बमोजिम उनीहरुको बाँकी कैद सजाय माफी भएको हो ।

दफा ३७ मा ५० प्रतिशत कैद भुक्तान गरेका र चालचलनमा सुधार आएका कैदीको सजाय माफी दिन सक्ने व्यवस्था छ ।

रेशम चौधरी २०७२ साल भदौमा कैलालीको टिकापुरमा थरुहट आन्दोलनका क्रममा ७ जना सुरक्षाकर्मी र एक नाबालकसहित ८ जनाको मृत्यु भएको घटनामा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट दोषी ठहर भएका थिए । उनलाई तीनै तहको अदालतले जन्मकैदको सजाय हुने फैसला सुनाएको थियो ।

२०७२ साल भदौ ७ गते टिकापुरमा एक बालकसहित ८ जनाको हत्या हुने गरी भएको घटनामा उच्च अदालतबाट भएको फैसलामा चित्त नबुझाएर रेशम चौधरीले सर्वोच्च अदालतमा पुनरावेदन दिएका थिए । >>> पृष्ठ २ मा

## पुनः सांसद हुन समस्या

कैद मिनाहा भए पनि रेशम चौधरीलाई पुनः सांसद हुन समस्या छ । संविधानको धारा ८७ मा प्रतिनिधिसभा सदस्यको योग्यता सम्बन्धी व्यवस्था छ। सांसद सदस्यको योग्यता सम्बन्धी व्यवस्थामा भनिएको छ, 'नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको ।' अर्थात, कैदमा माफी पाए पनि चौधरीलाई राजनीतिक पद वा सांसद हुन खोज्दा प्रश्न उठ्नेछ ।

माओवादी केन्द्रका नेता देवेन्द्र दाहाल थारु आन्दोलन राजनीतिक मुद्दा भएको बताउँछन् ।

राजनीतिक आन्दोलनमा भएका घटनाहरुमा फौजदारी संहिता आर्कषित नहुने भन्ने नभए पनि रेशम चौधरीको विषय कुनै चोरी डकैती गरको आपराधिक घटना नभएको उनको विश्लेषण छ ।

# अमेरिकालाई नेपालको कूटनीतिक नोट




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ जेठ ।

सरकारले अमेरिकाले सार्वजनिक गरेको धार्मिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदनमा नेपालबारे उल्लेख भएका विषयप्रति असहमति जनाउँदै अमेरिकालाई 'कूटनीतिक नोट' पठाएको छ ।

परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालका अनुसार काठमाडौंस्थित अमेरिकी राजदूतावासमार्फत अमेरिकालाई यस विषयमा कूटनीतिक नोट पठाइएको हो ।

'विषयवस्तु उठेपछि हामीले कूटनीतिक नोट पठाइसकेका छौं । तर अहिलेसम्म कुनै जवाफ आएको छैन । भर्खरै पठाइएको हुँदा जवाफ आउन समय लाग्न सक्छ', परराष्ट्रकी प्रवक्ता लम्सालले भनिन्, 'यस विषयमा प्रधानमन्त्रीले संसदमा पनि स्पष्ट पारिसक्नु भएको छ ।'

सन् २०२२ को धार्मिक स्वतन्त्रतासम्बन्धी अमेरिकी विदेश मन्त्रालयको प्रतिवेदनमा नागरिक समाजको हवाला दिँदै भारतको सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा) र अन्य समूहहरूले नेपालका नेताहरूलाई हिन्दू राष्ट्रको पक्षमा बोल्न र समर्थन गर्नका लागि दबाव दिन पैसा दिइरहेको उल्लेख गरेको छ ।

प्रतिवेदन सार्वजनिक भएपश्चात संसदमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले चासो व्यक्त गरेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नीति तथा कार्यक्रममा उठेका प्रश्नको जवाफ दिने क्रममा अमेरिकालाई कूटनीतिक नोट पठाइसकेको बताएका थिए ।

प्रतिनिधिसभामा सरकारको नीति तथा कार्यक्रममाथि जारी छलफलमा प्रतिपक्षी एमालेका सचिव समेत रहेका सांसद योगेश भट्टराईले यस विषयमा प्रश्न राखेका थिए ।

'अमेरिकाको सरकारी निकायले नेपालमा धर्मान्तरण र धर्म अतिक्रमण जस्ता विषयमा गम्भीर प्रतिवेदन सार्वजनिक गरेको छ । यसमा हाम्रो मित्रराष्ट्र भारतलाई समेत प्रतिवेदनले तानेको छ', संसदमा बोल्दै भट्टराईले संसदमा शनिबार प्रश्न राखेका थिए, 'प्रधानमन्त्रीले त्यस विषयमा केही पनि बोल्नुभएको छैन । नेपाल सरकारको धारणा बुझ्न चाहन्छु ।'

प्रधानमन्त्री प्रचण्डले भट्टराईले राखेको प्रश्नको जवाफमा यस विषयमा दूतावासमार्फत अमेरिकालाई नोट पठाइसकेको जनाएका थिए । 'नेपाल सरकारको तर्फबाट गम्भीर ध्यानाकर्षणसहित अमेरिकी दूतावासमार्फत् अमेरिकी सरकारलाई नोट पठाइसकिएको छ', प्रधानमन्त्रीले संसदमा जवाफ दिने क्रममा भने ।

# कोशी प्रदेश सभा कहिलेसम्म सुरक्षा घेरामा चलाउने ?





**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ जेठ ।

पछिल्लो साय कोशी प्रदेश अशान्त छ । कारण - १७ फागुन २०७९ मा भएको प्रदेश नामकरण । प्रदेश नम्बर एकको नाम कोशी राखेपछि स्थगित भएको प्रदेश सभाको बैठक आइतबारबाट सुरु भएको छ । पहिलो दिन प्रदेश सभा बाहिर प्रदर्शन थियो भने प्रदेश सभाभित्र पनि असन्तुष्टिका स्वर । नेकपा एमाले कोशी प्रदेश संसदीय दलका उपनेता राम राना जनमतबाट नामकरणबारे निर्णय लिन सकिने बताउँछन् ।

प्रदेश सभा बैठकमा बोल्दै उनले भने, 'आन्दोलनकारीले जनमत बनाएर जनमतबाट आएर यही परिवर्तनको कुरा गरे के फरक पर्छ र ढुंगै हानिहाल्नुपर्ने । ढुंगा हानिहाल्नुपर्ने स्थिति मैले देख्दिन ।'

नेपाली कांग्रेस कोशी प्रदेश सभा संसदीय दलका नेता उद्धव थापा सुरक्षा घेराभित्र बसेर सभा सञ्चालन गर्न नैतिकताले नदिने बताउँछन् र उनी भन्छन्, 'कहिलेसम्म सुरक्षा घेरामा रहेर अधिवेशन सञ्चालन गर्ने ?'

कोशी प्रदेश सभाको माओवादी केन्द्र संसदीय दलका नेता इन्द्र आङ्बो नामकरणपछि उत्पन्न विवाद समाधानको जिम्मा संघीय सरकारतिर पन्छाउन नमिल्ने बताउँछन् । उनी भन्छन्, 'यो संघीय सरकारतिर फर्काएर धर पाउदैनौं, हामीले सिर्जना गरेको समस्या हो । हामीले समाधान दिनुपर्छ ।'

## वैदेशिक रोजगार विशेष

# हालसम्म ५५ लाख बढी नेपाली वैदेशिक रोजगारमा

### कतार, मलेसिया, साउदी र यूएई प्रमुख गन्तव्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ

वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिनेको संख्या निरन्तर बढेको आर्थिक सर्वेक्षणले देखाएको छ। वैदेशिक रोजगारका लागि नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या गत फागुनसम्म ५५ लाख २६ हजार ७ सय ४ पुगेको छ। त्यसमा पुरूष ९४.४ र महिला ५.६ प्रतिशत रहेका छन् ।

आइतबार बसेको प्रतिनिधि सभाको बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक सर्वेक्षण २०७९/८० सार्वजनिक गरेका हुन् ।

चालु आर्थिक वर्षको फागुनसम्म भने वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिनेको संख्या ३ लाख ३७ हजार १ सय ४४ रहेको आर्थिक सर्वेक्षणले देखाएको छ। ईपीएसमार्फत दक्षिण कोरिया जाने नेपालीको संख्या ८५ हजार ८ सय ४ पुगेको छ ।

वैदेशिक रोजगारीमा गएकामध्ये मलेसियामा २६.५ प्रतिशत, कतारमा २६.४ प्रतिशत, साउदी अरेबियामा २२ प्रतिशत, यूएईमा १४.९ प्रतिशत, कुवेतमा ३.८ प्रतिशत, बहराइनमा १.३ प्रतिशत, ओमानमा ०.९ प्रतिशत, जापानमा ०.५ प्रतिशत र अन्य विभिन्न मुलुकमा ४ प्रतिशत नेपाली गएको सर्वेक्षणमा उल्लेख छ। दक्षिण कोरिया गएका नेपालीलाई अन्य वर्गमा राखिएको छ।

हाल १ सय ११ मुलुकमा निजी क्षेत्रका ९ सय म्यानपावर कम्पनीले कामदार पठाउने गरेको भन्दै प्रतिवेदनमा मुख्य गन्तव्य मलेसिया, कतार, साउदी >>> पृष्ठ २ मा

## प्रधानमन्त्री रोजगार पाँच प्रतिशतलाई पनि पुगेन

**काठमाडौं/मस-** आर्थिक सर्वेक्षणले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पाँच प्रतिशतलाई पनि रोजगारी नपुगेको देखाएको छ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ७ सय ५३ स्थानीय तहमा ८ लाख ४१ हजार ३ सय ३८ जना बेरोजगार युवायुवती सूचीकृत भएकोमा जम्मा ४१ हजार २ सय ९१ जना रोजगारका लागि छनोट भएको र १४ हजार ८४ जनाले रोजगारी पाएको आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

आर्थिक वर्ष २०७८/०८९ मा स्थानीय तहमा सूचीकृत ७ लाख ८ हजार २ सय ४५ मध्ये १ लाख ६३ हजार ७ सय ८ जनाले रोजगारी पाएको आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने भन्दै प्राविधिक सहायक र रोजगार सहायक गरी फागुन मसान्तसम्ममा १ हजार ८ सय ६८ जनाले पनि रोजगारी पाएको प्रतिवेदनमा >>> पृष्ठ २ मा

FREE VISA ! FREE TICKETS !! FREE RECRUITMENT !!!

युएईको प्रतिष्ठित कम्पनीमा PSBD / SIRA SECURITY GUARED हरूको आवश्यकता

कम्पनी : SPARK SECURITY SERVICES SOLE PROPRIET शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/१२/०१ चलानी नं.: ६०१९८११६ LT.No.:282690 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 50 | 20 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guards (SIRA) | 40 | 20 | | 1200 | ४३,०८० | | | | | | | |

PSBD को Basic Salary AED 2000 भएता पनि OT सहित AED 2770 हुनेछ ।
DPS को Basic Salary AED 1200 भएता पनि OT सहित AED 2260 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता बाजेको सेकुवा नागढुङ्गा, पोखरा, कास्कीमा २०८० जेठ २२ गते (5 June 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २२ गते (5 June 2023) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067

LINK INTERNATIONAL
PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015

Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978 | 9818750078 | 9826101000
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

BRANCH OFFICE'S:

Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

# अनुचित लेनदेनसम्बन्धी अध्यादेश फिर्ता लिन रौतहट बारको माग

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १४ जेठ



नेपाल बार एशोसिएशन रौतहटले राष्ट्रपतिद्वारा जारी अध्यादेशप्रति विरोध गर्दै फिर्ता लिन माग गरेको छ । रौतहट जिल्ला अदालत नेपाल बार एशोसिएशनले विज्ञप्ति जारी गर्दै अध्यादेश फिर्ता लिन माग गरेको हो । नेपाल सरकार मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट गत वैशाख २० गतेमा जारी भएको 'मुलुकी सहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश' नेपाल बार एशोसिएशन रौतहटको गम्भीर ध्यानाकर्षण भई उक्त अध्यादेश नेपालको संविधान २०७२ हाल बहाल रहेको नेपालको प्रचलित कानून, न्यायको मान्य सिद्धान्तहरु समेतको प्रतिकुल रहेको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा विधिको शासन रहेको नेपालको संविधान २०७२ द्वारा नै मान्य सिद्धान्त रहनुको साथै यो कुरा सर्वत्र जानकारी हुँदा हुँदै पनि सोको विपरित तथा नेपाल कानून व्याख्या सम्बन्धी ऐन २०१० को दफा १४, २७(क) समेतको कानूनी व्यवस्थाको मर्म विपरीत जारी भएको उक्त अध्यादेश नेपालको कानून तथा संवैधानिक व्यवस्थाको मर्म प्रतिकुल रहेको भन्दै अविलम्ब खारेज योग्य रहेको उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, 'राज्यले कुनै कानून निर्माण गर्दा देशका जनता र समाजको हितलाई मध्येनजर गरी समाजहरुमा रहेको रितीतिथी तथा सामाजिक परम्परा र समाजहरुमा सोका जनताहरु बीचको सम्बन्धलाई असर नपर्ने गरी अर्थात् सामाजिक संरचना व्यवहार परम्परालाई नखल्बलाउने गरी कुनै कानून निर्माण गरी अध्यादेशमा सोतर्फ समेत ध्यान नै नल्याई समाजका जनताहरु बीचको सामाजिक सम्बन्धलाई नै नष्ट पुऱ्याउने गरिबको भरमा मस्यौदा तयार गरी जारी गरिएको सो अध्यादेश खारेज योग्य रहेको छ ।' विगतमा भएको लेनदेन व्यवहार सम्बन्धलाई अहिले फौजदारी कसुर अपराध घोषित गरिनु फौजदारी कानूनको मान्य सिद्धान्त विपरीत रहेको भन्दै अध्यादेश खारेज योग्य रहेको उल्लेख गरिएको छ ।

सचिव रमेश कुमार यादव र जिल्ला अध्यक्ष नन्दकिशोर साहद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'जुनसुकै नियम कानून संशोधन वा निर्माण हुँदा जुन कानून अन्तर्गत लिखत वा मुद्दा दायर भएकोमा सोही कानून अन्तर्गतको नै कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुनेछ समेत व्यहोरा उल्लेख हुने गरी ऐन नियम संशोधन भएका छन् । तर मिति २०८०/०१/२० गतेका अध्यादेशमा त्यो कुरा उल्लेख नभएको हुँदा पुरानो तमसुकलाई अहिले प्रमाणिकरणको क्रममा स्थानीय तह वा स्थानीय तहको वडा कार्यालयबाट प्रमाणित नगराइएका लेनदेन कारोवारका लिखतहरू यो उपदफामा प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रमाणित गराउनुपर्नेछ भनि उक्त अध्यादेशमा उल्लेख भएको कारणले उक्त अध्यादेशबमोजिम सम्बन्धित वडा कार्यालयमा लिखत प्रमाणित गराउन जाँदा ऋणी उपस्थित नहुने हुँदा वडा कार्यालय प्रमाणित गर्न अलमल गरिरहेकी साहुको ऋण हुने हो की ? साहु हतास भएका कारण समाजमा गरि आम जनतालाई बिरामी परेका बखत ऋण उपलब्ध नहुने, शुभ विवाह लगायत अन्य कार्यका लागि साहुबाट ऋण नपाइरहेको समस्या समाजमा विद्यमान रहेको सर्वोचदित रहेकोले मिति २०८०।०१।२० गतेको अध्यादेश प्रचलित कानुनको विपरीत रहेको हुँदा ऋणीले रुपैयाँ तिरी बुझाइसकेको छु भनी मौखिक जवाफ दिएको अवस्थामा प्रमाणिकरणकर्ताले के गर्ने ? सो बेलामा सो तमसुकको अवस्था के हुने ? त्यस अवस्थामा धनीलाई पर्न जाने मार्काको सम्बोधन कुन निकायले कसरी गर्ने ? यी समेत कुराको मध्यनजर नगरी उक्त अध्यादेश कानून विपरीत छ ।'

# १६औं गणतन्त्र दिवस मनाइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ

१६ औं गणतन्त्र दिवस सोमबार विविध कार्यक्रम गरी मनाइँदैछ । २०६५ साल जेठ १५ गते नेपालमा राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा स्थापना गरेको १५ वर्ष पूरा भएको छ । २०६२/०६३ सालको आन्दोलनपछि गठित संविधानसभाको पहिलो बैठकले २०६५ साल जेठ १५ गते नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरे यताका १६ वर्षमा मुलुकमा नयाँ संविधान निर्माण, स्थानीय तहको दुई पटक निर्वाचन तथा एक पटक संघीय निर्वाचन भइसकेको छ । सिंहदरबारमा सीमित राज्य सत्ताको विकेन्द्रिकरण गरिएको छ ।

केन्द्रदेखि स्थानीय तहसम्म जनताका प्रतिनिधिहरुले शासन गरेका छन् । एकात्मक राज्य व्यवस्थाको स्थानमा संघीय र राजतन्त्रको स्थानमा जनताका प्रतिनिधि मूली हुने गणतन्त्र स्थापित गरिएको छ ।


## चौरजहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृति आशयको सूचना !**

(प्रकाशन मिति : २०८०/०२/१५ गते)

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) को मिति २०८०/०१/१५ गते प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन समितिबाट तपसिलबमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अङ्क (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ NCB/01/079/080 | Procurement of Furniture Fixture & Machinary for Chaurjahari Municipality Rukum (West) | श्रीया इन्टेरियर इण्डष्ट्रिज प्रा.लि., नेपालगञ्ज, बाँके | रु. ४०,५६,३२१।- |
| 2 | Catalog Shopping | (HD Truck) High Deck Truck, 6-Wheeler, Min. 4-cylinder Diesel Engine developing Power output not less than 110hp & Torque min. 400Nm. | Sipradi Trading Pvt. Ltd., Naya Naikap Kathmandu | रु. ३१,७०,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**


नक्कली शरणार्थी प्रकरण

# दोषीलाई कारबाहीको माग गर्दै प्रदर्शन



**काठमाडौं/मस**–नक्कली भुटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कानून बमोजिम कारबाहीको माग गर्दै सिंहदरबारको दक्षिण मूल ढोकाअघि आइतबार प्रदर्शन गरिएको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाही गर, तीन तहको सरकार : सुशासन, पारदर्शीता र जवाफदेहीता सुनिश्चित गर, लोकतान्त्रिक गणतन्त्रको मूल्य अनुरुप आचरण गर भन्ने आह्वानसहित मानव अधिकार तथा शान्ति समाजको आह्वानमा प्रदर्शन गरिएको हो ।

लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ योगदान गरेको संस्था शान्ति समाजले १६औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा काठमाडौंमा प्रदर्शन गरेको हो । प्रदर्शनबाट प्रहरीले १७ जना अधिकारकर्मीलाई गिरफ्तार गरेको थियो । प्रदर्शन प्रारम्भ हुनासाथ प्रहरीले समाजका संस्थापक सभापति कृष्ण पहाडी, नागरिक अगुवा अर्जुन पराजुली, उत्तम पुडासैनी, विमल अर्याल, अधिकारकर्मीहरु चन्द्रमणि बञ्जारा, नम्रता खरेल, किरण ढकाल, दिवाकर पुडासैनी, बलबहादुर गाहा मगर, उमा गौतम, भगवान् पुडासैनी, ईश्वर पुडासैनी, जयराम पुडासैनी, विकास थापा, रमेशकुमार बराल, चन्द्रमणि गौतम, रीता अधिकारीसहित १७ जनालाई गिरफ्तार गरेको थियो । प्रदर्शनमा भ्रष्टाचार हटाउ : लोकतन्त्र बचाऊ, शीर्ष नेताको सम्पत्ति छानबिन गर, नक्कली शरणार्थी प्रकरण : शीर्ष नेतामाथि छानबिन खोइ ?, शीर्ष नेता भ्रष्ट छन्: नेपाली जनता त्रस्त छन्, लेखिएका प्लेकार्ड सो अवसरमा प्रदर्शन गरिएको थियो ।

शान्ति समाजले नक्कली भुटानी शरणार्थी प्रकरणको सूक्ष्म अध्ययन/अनुसन्धान गरी दोषी प्रमुख दलका शीर्ष नेतासहित जो कोही हुन् कानुनसम्मत कारबाही गर्न माग गर्दै जेठ १ गतेदेखि सुरु गरेको अभियानका क्रममा २२ जिल्लामा ५० वटा धर्ना एवं प्रदर्शन भइसकेको छ । यो प्रकरणमा संलग्नलाई उन्मुक्ति दिन गरिने कुनै पनि प्रयास र सौदाबाजीको शान्ति समाजले निन्दा गर्दै आएको छ ।


## मकवानपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
वागमती प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८०/०२/१५

यस मकवानपुरगढी गाउँपालिकाबाट मध्यान्ह दैनिकमा मिति २०७९।१२।१७ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका वोलपत्रहरुको मुल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारका बोलपत्रहरु स्विकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि बोलपत्र स्विकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का. नं. | ठेक्काको विवरण | बोलपत्रदाताको नाम | बोलपत्रदाताको ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| 1. | 15/MGRM/NCB WORKS/2079-80 | CONSTRUCTION OF SARADA SCHOOL BUILDING | Upama Nirman Sewa | Kmc-35, Koteshwor, Kathmandu | 27503569.02 |

**प्रमुख प्रशासकीय अधिकृत**


### गणतन्त्र...

तर, सर्वोच्चले पनि रेशम चौधरीका सन्दर्भमा जन्मकैदको फैसला सदर गऱ्यो । त्यसपछि सरकारले फैसला भएको ठाउँमा टेकेर बाँकी कैद मिनाहाको लागि सिफारिस गरेको थियो ।

सर्वोच्चको फैसला अनुसार प्रतिवादीमध्येका लक्ष्मण थारु चौधरी हालसम्म पनि फरार भएको कारण अब उनले तीन वर्ष जेलमा बसेपछि जेलमुक्त हुन पाउनेछन् । यसअघि उनको हकमा कैलाली जिल्ला अदालतले तीन वर्षको जेल सजाय गरेको थियो भने उच्च अदालत दिपायलले जन्मकैदको फैसला सुनाएको थियो । कैलालीको टिकापुरमा २०७२ सालमा भएको संहारमा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारु लगायतका ६ जनालाई जन्मकैदको फैसला भएको थियो । कैलाली जिल्ला अदालत र उच्च अदालत दिपायलले गरेको जन्मकैदको फैसलामा चित्त नबुझाएर उनीहरु सर्वोच्च अदालत पुगेका थिए ।

सर्वोचले लक्ष्मण थारुको सजाय घटाई तीन वर्ष कायम गर्न र सीताराम चौधरी र गंगाराम चौधरीको हकमा सफाई दिने फैसला गर्नुबाहेक अन्य प्रतिवादीको हकमा उच्च अदालतकै फैसला सदर गरेको थियो । गणतन्त्र दिवसका अवसरमा रेशम चौधरीलाई माफी दिएपछि एमालेले असन्तुष्टि जनाएको छ ।

एमालेका सचेतक महेश बर्तौला भन्छन्, 'सरकारले चाहेको अवस्थामा सजाय माफी दिनसक्छ । तर व्यवस्थालाई दुरुपयोग गरेर, कानुनी राज्यलाई खिल्ली उडाउँदै कानुनी शासन, विधिको शासनलाई सत्तासँग जोड्ने, राजनीतिसँग जोडने, उन्मुक्ति दिंदै जाने हो भने यसले कस्तो नजिर बस्न सक्छ ?'

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्याल पनि रेशम चौधरीलाई माफी दिएर सरकारले दण्डहीनता देखाएको बताउँछन् । उनी भन्छन्, 'सर्वोच्च अदालतले पनि सजायलाई निरन्तरता दिने भनेको अवस्थामा गम्भीर अपराधको दोषी करार भइसकेको व्यक्तिलाई आममाफी दिनु गलत कार्य हो ।'

### हालसम्म...

अरेबिया र यूएई रहेको उल्लेख छ । गत फागुन मसान्तसम्ममा ७ सय ८९ नेपालीको वैदेशिक रोजगारका क्रममा मृत्यु भएकोमा आश्रित परिवारले ४१ करोड १ लाख ८० हजार र अंगभंग भएका १ सय ६६ जनाले ५ करोड ९३ लाख १३ हजार रुपैयाँ क्षतिपूर्ति पाएको पनि प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले आर्थिक वर्ष २०७०/०७१ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा ९ हजार १ सय १७ जनाको ज्यान गएको औंल्याएको छ । फागुन मसान्तसम्ममा संस्थागत ४ सय ८५ र व्यक्तिगत ६ सय ८६ गरी जम्मा १ हजार १ सय ७१ उजुरी परेकोमा क्षतिपूर्तिबापत ५६ करोड ६८ लाख ५ हजार ८ सय ८१ रुपैयाँ दाबी गरिएको छ ।

### प्रधानमन्त्री...

उल्लेख छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गैरसरकारी संस्थाहरुले विभिन्न क्षेत्रमा वैदेशिक रोजगारसम्बन्धी व्यावसायिक तालिम सञ्चालन गर्ने भनेर करोडौं रकम खर्च गरेको भएपनि जम्मा ९ सय २५ जनाले मात्रै उक्त तालिम लिएको सर्वेक्षणमा उल्लेख छ । तर तालिमको प्रभावकारिता के छ भन्ने विषयमा सर्वेक्षणले पनि ध्यान दिएको छैन ।


## Mahankal Rural Municipality
### Office of the Rural Municipal Executive
Gotikhel, Lalitpur
Bagmati Province

**Invitation for Sealed Quotation**

**Notice Publication Date :-2080/02/15 B.S.**

1. The Mahankal Rural Municipality invites Sealed Quotation from Nepalese eligible bidders for the construction of following Projects under National Competitive Bidding procedures

| S. N. | Name of Project | Estimate Amounts Nrs. (With VAT) | Cost of Bidding Documents (NRs) | Bid Security Amount (NRs) | Bid Validity Periods (Days) | Document Purchase Last Date | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Project:-Manikhel Hospital Repair Works Contract id:- MRM/SQ /WORKS-01/2079-80 | 18,86,135.84 | 1000 | 48,000 | 45 | Before Last Date Of Bid Submission | 2080/02/30 Time:-12:00 | 2080/02/30 Time:-13:00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of the Rural Municipal Executive, Gotikhel, Lalitpur or may contact at mahankalmun2017@gmail.com.
3. A complete set of Bidding Documents Should be purchased from the Mahankal Rural Municipality, office Rural municipal excutive, Gotikhel, Lalitpur and eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 12:00 on 2080/02/30.
   **Name of the Bank: Sunrise Bank** **Name of Office: Mahankal Rural Municipality**
   **Office Code no. :……………..** **Office Account no.: 0840561008703008**
   **Rajaswa (revenue) Shirshak no. : Ga-1-1**
4. Sealed bids must be submitted to the Mahankal Rural municipal excutive, Gotikhel, Lalitpur or before 12:00 on 2080/02/30. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2080/02/30 at the Mahankal Rural municipal excutive, Gotikhel, lalitpur. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs 48,000, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# अख्तियार आयोग प्रमुख स्वतन्त्र व्यक्ति नियुक्ति गर्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ




सांसदहरुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि अख्तियार अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण आयोगमा निष्पक्ष र स्वतन्त्र व्यक्ति नियुक्त गरिनुपर्ने बताएका छन् ।

राष्ट्रियसभाको आइतबारको बैठकको विशेष समयमा बोल्दै उनीहरुले सुशासन कायम गर्न दुबै आयोगलाई अधिकार सम्पन्न कानून बनाएर प्रभावकारी बनाइनुपर्नेमा जोड दिए । भ्रष्टाचार नियन्त्रणका लागि सबै राजनीतिक दल एक ठाउँमा उभिनुपर्ने उनीहरुको भनाइ थियो ।

सांसद नरबहादुर विष्टले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निष्पक्ष स्वतन्त्र व्यक्ति नियुक्त हुनुपर्ने बताए । उनले निजामति कर्मचारीबाट अख्तियार प्रमुख नियुक्त हुन नहुने तथा सम्पत्ति शुद्धीकरणमा पनि स्वतन्त्र व्यक्ति नियुक्त गरेर अधिकार सम्पन्न बनाइनुपर्ने बताए । सांसद रामचन्द्र राईले सार्वजनिक संस्थान सधैँ घाटामा हुने गरेको भन्दै ती संस्थालाई प्रभावकारी रुपमा सञ्चालन गरी नतिजामुखी बनाइनुपर्ने खाँचो रहेको बताए । उनले नेपाल टेलिभिजन स्याटेलाइटमा गइसक्दा पनि दूरदराजका गाउँसम्म पुग्न नसकेको उल्लेख गर्दै ध्यानाकर्षण गराए ।

सांसद कमला पन्तले संसद्लाई मर्यादित र प्रतिस्पर्धी बनाई मुलुकको सुशासन प्रवर्द्धनमा लाग्नुपर्नेमा जोड दिइन् । सांसद उदयबहादुर बोहोराले भ्रष्टाचार देशको संक्रामक रोग हो भन्दै भ्रष्टाचार र अनियमितताको चुनौती तोडेर सुशासनको दिशामा मुलुकलाई अघि बढाउनुपर्ने बताए । उनले हालसम्म भएका सबैखाले भ्रष्टाचारको छानबिन गर्न माग गरिन् । सांसद वामदेव गौतमले नक्कली भुटानी शरणार्थी बनाउने कार्यमा जोडिएका सबैलाई छानबिन गरेर कानूनी दायरामा ल्याउन माग गरे । सांसद भगवती न्यौपानेले स्वास्थ्यकर्मीले लामो समयदेखि तलब भत्ता नपाएको गुनासो आएको भन्दै उनीहरुलाई तलब भत्ताको व्यवस्था गर्न अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराइन् । सांसद युवराज शर्माले संघीयताको प्रभावकारी कार्यान्वयनका लागि सबै राजनीतिक दलहरु एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिइन् । सांसद गोमादेवी तिमिल्सिनाले मुलुकको हित र सुशासन प्रवर्द्धनमा सबै एकताबद्ध भएर लाग्नुपर्ने बताइन् । सांसदहरु भुवनबहादुर सुनार, तुलसाकुमारी दाहाल, गंगाकुमारी बेलबासेले नीति तथा कार्यक्रममार्फत समेटिएका कार्यक्रमलाई व्यवहारिक कार्यान्वयन गरिनुपर्ने बताएका थिए ।

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मुसिकोट, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**शिलवन्दी दरभाउ पत्र स्विकृत गर्ने आशयको सुचना**

**मिति : २०८०/०२/१५**

उपरोक्त सम्वन्धमा औषधि खरिद सम्वन्धि मिति २०८०/०१/२५ गते प्रकाशित सूचना वमोजिम सूचनाको म्याद भित्र ई विडिङ मार्फत दाखिला हुन आएका शिलवन्दी दरभाउपत्रहरुको मुल्यांकन हुंदा तपसिल वमोजिमको वोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) वमोजिम न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई मिति २०८०/०२/१४ गतेको निर्णय अनुसार स्विकृतिका लागि छनौट भई सिफारिश भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कामको विवरण | संख्या | वोलपत्रदाता | वोल कवोल रकम रु. | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Medicine | SQ/MM/ G.02_079/080 | M/S Sumit Medico Pharma, Nepalganja 18, Banke | 3,20,464.50 | 28.88 % Less |

**प्रमुख प्रशासकीय अधिकृत**

विनोद हत्या प्रकरण

# आजीवन जेल सजायको माग राख्दै प्रदर्शन

**मलेखु/मस**–धादिङको गल्छी गाउँपालिका-८ गल्छीका विनोद थापामगरको आफन्त र स्थानीयले धादिङवेसीमा प्रदर्शन गरेका छन् । गल्छीकै शानदार होटलमा खाजा खान गएका विनोदको क्रुर हत्यामा संलग्नलाई आजीवन जेल सजायको माग राख्दै पीडितका परिवार र आफन्तले प्रदर्शन गरेका हुन् । हत्याराको अवैध सम्पत्तिको छानबिन गर्न माग गरेका छन् ।

हत्यामा संलग्न भएको आरोपमा गल्छीकै शानदार होटलका सञ्चालक सरस्वती पनेरु पण्डित, उनका छोरा नीरज र पाल्पा तानसेन नगरपालिका-१४ घर भई हाल गल्छी-८ बस्दै आएका ३० वर्षीय किरण राना पक्राउ परेका छन् । उनीहरु तीनै जनामाथि अनुसन्धान जारी छ ।

नेपाल मगर संघको अगुवाइमा भएको प्रदर्शनपछि उनीहरुले धादिङका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन् । अनुसन्धानको क्रममा पीडकले प्रहरी प्रशासन र अदालत आफ्नो पक्षमा पार्न सक्ने आशंका उब्जनी भएकाले दबाब स्वरुप प्रदर्शन गरी प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापनपत्र बुझाइएको गल्छी गाउँपालिकाका वडाध्यक्ष विशाल लुंगेली मगरले बताए । 'मान्छे मार्न पाइँदैन, आजीवन कारावासको सजाय गर, कानुनी राज्यको प्रत्याभूति गर' लगायतका प्लेकार्डसहित नारा जुलुस गरेका थिए ।

शरीरको विभिन्न भागमा धारिलो हतियार प्रहार गरी गत वैशाख २८ गते राति विनोद विभत्स हत्या भएको थियो । पीडितका आफन्तले हत्यामा संलग्न भएको आरोपमा प्रहरी अनुसन्धानमा रहेका होटल सञ्चालक पण्डित, उनका छोरा नीरजमाथि मानव बेचविखन तथा ओसारपसार र देहव्यापारको अभियोगमा मुद्दा दर्ता गराएका छन् ।

पीडितको ज्ञापनपत्र बुझ्दै धादिङका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद अधिकारीले घटना भए लगत्तैदेखि आफूले नजिकबाट बुझिरहेको जनाउँदै घटनामा संलग्नलाई कानूनअनुसार कडाभन्दा कडा कारबाही हुनेमा विश्वस्त रहन पीडितका परिवार र आफन्तलाई आग्रह गरेका छन् ।


**UAE मा Civil Security Guard हरुलाई रोजगार**

कम्पनी : AL NAJMA AL FAREEDA INTERNATIONAL SECURITY (L.L.C) शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/१०/१९ चलानी नं.: ६०१९५९८६ LT. No.: 280431 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 50 | 20 | सम्बन्धित काममा दक्ष | 900 | ३२,०४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 50 | 20 | | 1200 | ४२,७३२ | | | | | | | |

For Cleaners: अंग्रेजी सामान्य लेखपढ गर्न सक्ने हुनुपर्नेछ ।

For Security Guard:
★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर पुरुषः २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ६ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ उमेर महिलाः २५ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ३ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Ex-Army, Police, Civil Security मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।
★ DPS लाइसेन्स होल्डर तथा GCC Return Guard हरुलाई विशेष प्राथमिकता दिइनेछ ।

**कुवेतमा रोजगार** | कम्पनीः ARABI COMPANY W.L.L. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०२/१४ चलानी नं.: ६०२०२११४ LT. No.: 286821

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gardener Labour | 300 | 0 | स. काममा दक्ष | 85 | ३६,४४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः ABDUL HAMEED SALEM SONS COOM. CO. W.L.L. शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०१/१९ चलानी नं.: ६०२००९०२ LT. No.: 285472 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 200 | 200 | स. काममा दक्ष | 85 | ३६,४४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २२ गते (5 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेतको रु १०,०००/- युएईको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067

LINK INTERNATIONAL
PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015

Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978 | 9818750078 | 9826101000
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

BRANCH OFFICE'S:

Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051


## Dilasaini Rural Municipality
## Office of the Rural Municipal Executive
**Dilasaini, Baitadi**
**Sudur Pashchim Province, Nepal**

## Invitation for E-Bids
## Procurement of work of simar lift irrigation project

**TENDER NOTICE NO. : 10-079/080**
**FIRST DATE OF PUBLICATION: - 2080-02-15 BS (5/29/2023)**

1. Rural Municipality has allocated funds towards the cost mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.

| S N | Contract No | Description of Works | Estimated Amount including VAT | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | DRM/BTD/NCB/ Works/03-079/080 | Procurement of work of simar lift irrigation project, DRM ward No-03 | 24,90,832.23 | 70,000/- | 3,000/- |

2. Dilasaini Rural Municipality, Office of Muncipal Executive invites electronic bids from eligible bidders for Works under National Competitive Bidding procedure. Only eligible bidders as per clause 42 (2) of PPR 2064 should participate in this bidding.
3. Eligible Bidders may obtain further information at the office of Dilasaini Rural Municipality, (email:-drmbaitadi@gmail.com), Dilasaini Baitadi, Sudur Pashchim.
4. A complete set of Bidding Documents may be purchased from e-GP system www.bolpatra.gov.np/egp for contract No DRM/BTD/NCB/Works/03-079/080 Submission of bid to e-GP system www.bolpatra.gov.np/egp . Bid received after this dead line will be rejected.
5. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 31st day from the date of Invitation for Bid Notice Published at the office of Dilasaini Rural Municipality, Dilasaini Baitadi. Bid must be valid for a period 90 days after bid opening amounting to a minimum of as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days). If bidders wish to submit Bid Security in the form of cash, the cash should be deposited in

   **Name of the Bank : Kumari Bank Limited, Dilasaini Baitadi**
   **Name of Office : Dilasaini Rural Muncipality**
   **Office Account No : 0880034242400008**

6. If the last date of Pre-Bid meeting/purchasing/submission day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 with latest amendment. The employer reserves the right to amend and correct at any time, in case of any discrepancies or error in bidding document, tender notice or any other document.
8. Dilasaini Rural Municipality, Baitadi reserves the right to accept or reject any bid and to annual the process and reject all bids at any time prior to contract award.

**(Chief Administrative Officer)**




मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१५ जेठ २०८०, सोमबार
29 May 2023, Monday

## सम्पादकीय

### गणतन्त्र बलियो बनाउने बाटो

आज गणतन्त्र दिवस । १५ वर्ष अगाडि आजकै दिन नेपालमा गणतन्त्र स्थापना भएको थियो । मुलुकमा २४० वर्षसम्म चलेको राजतन्त्र अन्त्य गरेर पहिलो संविधानसभाको पहिलो बैठकबाट गणतन्त्र घोषणा भएको थियो । नेपालमा गणतन्त्र स्थापनालाई २००७ सालदेखि भएका अनेक राजनीतिक आन्दोलनका उपलब्धिका रूपमा अर्थ्याइन्छ । निरकुंश जहानीय राणाशासनविरूद्ध प्रजा परिषद् र नेपाली कांग्रेसले गरेको २००७ सालको जनविद्रोहले राजतन्त्रलाई संवैधानिक भूमिकामा राखेको थियो । तर २०१७ सालमा राजा महेन्द्रले पञ्चायती शासन थाले । त्यसविरूद्ध कांग्रेस र कम्युनिष्ट पार्टीहरू भूमिगत आन्दोलनमा सक्रिय भयो । जेलनेल गर्दै पञ्चायतविरूद्ध संघर्ष गरे । २०३६ सालको जनमत संग्रहमा पराजित भएपनि दश वर्षपछि २०४६ सालमा पञ्चायतको अन्त्य भएर बहुदलीय व्यवस्था स्थापना भयो ।

तर राजा विरेन्द्रसहित राजदरबार नरसंहारपछि ज्ञानेन्द्र शाहले शासनसत्ता फेरि आफ्नै हातमा लिए । त्यसविरूद्ध नेकपा माओवादीसहित सात राजनीतिक दलले २०६२/०६३ सालमा १९ दिने दोस्रो जनआन्दोलन गरे । त्यही जनआन्दोलनले संसद् पुनर्स्थापना गर्‍यो भने २०६४ सालको पहिलो संविधानसभाले राजतन्त्रकै अन्त्य गरिदियो । त्यसमा मधेश आन्दोलनबाट उदाएका शक्ति पनि सामेल भयो । त्यसैले नेपालमा गणतन्त्र स्थापनामा २०५२ सालदेखि १० वर्षसम्म सशस्त्र विद्रोह गरेको माओवादी, मधेशवादी शक्ति र कांग्रेस–एमालेले समेत अपनत्व लिए । २०७२ मा जारी भएको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई प्रमुख अन्तर्वस्तु बनाएको छ । त्यही संविधान बमोजिम दुई पटक आमचुनाव भएको छ भने मुलुकमा तीन तहको सरकार विद्यमान छ ।

२०७४ र २०७९ मा दुई पटक आमचुनाव भएपनि नेपालमा गणतन्त्र दिवस मनाउन थालेको १५ वर्ष पुरा भएको छ । तर गणतन्त्रले १५ वर्ष पुरा गरेपनि नागरिकमा निराशा बढेको निष्कर्ष आमटिप्पणी बन्न पुगेको छ । गत मंसिरको चुनावले नयाँ राजनीतिक शक्तिहरूलाई अप्रत्यासित मत दिनुले पनि नागरिक निराशा रहेको अर्थ्याउन सकिन्छ । त्यो नतिजालाई अर्को दृष्टिकोणबाट गणतान्त्रिक लोकतन्त्रले दिएको अवसर पनि भन्न सकिन्छ । तर अवसर भन्दा पनि निराशाको पक्षबाट बढी चिन्ता भएको देखिन्छ । कतिपयले फेरि गणतन्त्र खतरामा पर्ने त होइन भन्ने आशंका गर्ने गरेका छन् । त्यस्ता आशंका निरूपण गर्ने भनेको जनताको पक्षमा अधिकतम काम गर्ने राज्य प्रणाली संस्थागत हुनु हो । नेतृत्वले यसतर्फ सोच्न जरूरी छ । विशेषगरी गणतान्त्रिक व्यवस्थामा राजनीतिक नेतृत्वको शैली नबदलिएको गुनासो धेरै हुने गरेको छ । यसतर्फ पनि सोच्न आवश्यक छ । गणतन्त्र दिवसको शुभकामना !

# व्यवसायीप्रति राज्यको उपेक्षा

*महानगर कर, व्यावसायिक कर, श्रमिकलाई विदेश पठाएबापतको कर गरी हामी म्यानपावर व्यवसायी वार्षिकरूपमा लाखौं रूपैयाँ प्रत्यक्ष कर तिर्छौं । अप्रत्यक्षरूपमा उति नै कर राज्यलाई बुझाउँछौं । तर जब स्वयम् अस्वस्थ हुने अवस्था आउँछ, समस्यामा पर्ने अवस्था आउँछ तब सहयोग गर्ने कुनै निकाय हुँदैन ।*

अग्रलेख



● चन्द्रसिंह अदै

एउटा स्वस्थ व्यवसायीले आफ्नो उद्योग व्यवसायलाई उन्नतिको बाटोमा उदाहरणीय बनाउन सक्छ । यतिमात्र होइन उसले धेरै सम्भावना र रोजगारका मुहान फुटाएर लाखौं श्रमिकको आधारभुत आवश्यकता परिपूर्ति गर्ने प्रयोगात्मक सफलता हाँसिल गर्न सक्छ । उसले आफ्नो उद्योग व्यापारको विकाससँगै राज्यलाई मोटो रकम कर तिरेर मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिनसक्छ । यद्यपी, व्यवसायी अस्वस्थ भएर थलियो भने उसले आफ्नो व्यवसायको श्रीवृद्धिमा प्रयोग गर्ने मानसिक लगानीमा पनि ह्रास हुन गइ उसको व्यावसायिक क्षमतामा कमजोर हुन जान्छ । जसको असर कर, रोजगार र सम्भावित सफलतामाथि प्रत्यक्ष असर पर्छ । तसर्थ, सरकारले व्यवसायीले तिर्ने करलाई भन्दा उसको स्वास्थ्यलाई प्राथमिकतामा राखेर नीतिगत सुधारमा अग्रसर हुनुपर्छ । अतः व्यवसाय सञ्चालनको निम्ति धरौटीबापत ५० लाख सरकारको खातामा राखेर वार्षिक लाखौं रूपैयाँ कर तिरे पनि स्वास्थ्य सुरक्षाको सवालमा राज्यबाट नीतिगत उपेक्षाबाट ग्रसित भइ भोग्नुपरेको पंक्तिकारको अनुभव पाठक समक्ष प्रस्तुत गरिएको छ ।

पंक्तिकार यही देशमा जन्मिएर हुर्किएको नागरिक हो । पंक्तिकारले धेरै देशहरु घुमिसकेको छु । अन्ततः आफ्नै देशमा केही गर्ने रहर जागेर विगत १५ वर्षदेखि म्यानपावर व्यवसाय सञ्चालन गर्दै आएको छ । पंक्तिकारले व्यवसाय सञ्चालन गर्नको लागि सरकारको खातामा रु. ५० लाख धरौटी पनि राखेको छ । त्यसको मासिक ६० हजार र वार्षिक ६–७ लाख रूपैयाँ व्याज आउँछ । तर, त्यो व्याज वापतको रकम पनि सरकारले प्रयोग गर्छ । ५० लाखका दरले ९ सय ५० भन्दा बढी म्यानपावर व्यवसायीले सरकारको खातामा धरौटी रकम बुझाएका छन् । समग्ररूपमा वार्षिक ५५ करोड रूपैयाँ सरकारलाई व्याजमात्रै आउँछ । यो क्षेत्रका व्यवसायीले धरौटी रकम राखेको ७–८ वर्ष भइसक्यो । सो धरौटी रकमबाट हालसम्म सरकारलाई करिब चारदेखि पाँच अर्ब रूपैयाँ व्याजमात्र आइसक्यो । साथै, प्रत्यक्षरूपमा महानगर कर, व्यावसायिक कर, श्रमिकलाई विदेश पठाएबापतको कर गरी वार्षिक छ लाखभन्दा बढी कर स्वयम् पंक्तिकारले तिर्ने गरेको छ । अप्रत्यक्षरूपमा हामीले वार्षिक १२ देखि १५ लाख रूपैयाँ सरकारलाई कर बुझाउँछौं । तर, जब स्वयम् अस्वस्थ हुने अवस्था आउँछ, समस्यामा पर्ने अवस्था आउँछ तब सहयोग गर्ने कुनै निकाय हुँदैन ।

जब पंक्तिकारलाई मुटु, मृगौला, प्रेसर, सुगर, थाइराइडजस्ता रोगहरुको समस्या एकैपटक देखा परेर अस्पतालमा बस्ने अवस्था बन्यो तब राज्यको निम्ति के गरेँ र राज्यले मेरो निम्ति के गर्‍यो भन्ने सवाललाई नजिकबाट महसुस गर्ने अवस्था बन्यो । अहिले अस्पताल र पंक्तिकारको सम्बन्ध नङ र मासुजस्तो छ । स्वास्थ्य उपचारको लागि दिनहुँ हजारौं हजार खर्च हुन्छ । व्यवसाय सञ्चालनको निम्ति धरौटीस्वरूप त्यति ठूलो रकम र वार्षिकरूपमा कर वापत लाखौं रूपैयाँ सरकारलाई बुझाएको भएपनि सरकारले हामीजस्ता करदाताका निम्ति स्वास्थ्य सुरक्षाको निम्ति कुनै प्रयास गरेको भेटिएन । प्रश्न उठ्छ, हामी व्यवसायीलाई राज्यले के सहयोग गर्‍यो ? हाम्रो व्यवसाय सुरक्षाको निम्ति के सहयोग भयो ? हरेक कुरामा दोहोरो हुन्छ । युरोपमा यदि नागरिकले सरकारलाई यति धेरै कर तिर्छ भने उसको उपचार निःशुल्क हुन्छ । तर हाम्रो देशमा यस्तो व्यवस्था छैन । हामीबाट राज्यले लिने मात्रै गर्छ, दिने गर्दैन ।

आज देशमा महँगी बढेको छ । शिक्षा र स्वास्थ्यजस्ता आधारभुत कुराहरुमा अचाक्ली महँगी छ । समग्ररूपमा बजार महँगो छ । यस्तो अवस्थामा सरकारलाई यतिधेरै कर तिर्दा पनि कुनै प्रतिफल पाउने अवस्था हुँदैन । जुन अवस्थामा स्वयम् पंक्तिकार छ, यसले सरकारप्रति घृणा उत्पन्न हुने अवस्था बनाएको छ । वार्षिक रूपमा सरकारलाई यतिधेरै कर तिरेर राज्यको अर्थतन्त्रमा पुर्‍याइरहेको योगदानवापत स्वयम् अहिले धेरै रोगसँग लड्दै उपचारमा दैनिक हजारौं रकम खर्च गर्दा राज्यले के गर्‍यो ? यो प्रश्न पंक्तिकारको मात्रै नभइ समग्र उद्योगी, व्यापारी, व्यवसायीहरुको पनि हो, जो करबापत वर्षेनी राज्यलाई मोटो रकम तिरेर पनि राज्यको नागरिकप्रतिको स्वास्थ्य दायित्वबाट उपेक्षित छन् ।

वर्षेनी राज्यलाई करबापत मोटो रकम तिरेर पनि ५० लाख धरौटी




*केही पाउँला, केही गुमाउँला भन्ने नियतले आधारभूत सवालमा प्रश्न नगर्ने हाम्रो संस्कारले स्वयम् हामी उद्योगी व्यवसायीलाई नै लखेटिरहेको छ । एकपछि अर्को समस्याको दलदलबाट तैरिन नसक्ने बनाएको छ । नीतिगत सुरक्षाको निम्ति सरकारलाई दबाब दिनेभन्दा विकृति जन्माएर व्यावसायिक सम्पन्नताको दौडमा अस्वस्थ प्रतिस्पर्धा गर्न हामीलाई प्रेरित गरिरहेको छ ।*

राखेर म्यानपावर व्यवसाय सञ्चालन गरिरहेका व्यवसायी राज्यको उपेक्षाबाट सबैभन्दा पीडित छन् । हुन त नागरिकको शिक्षा र स्वास्थ्यजस्ता आधारभुत सवालहरुमा राज्यको उपेक्षाबाट सम्पूर्ण नागरिक पीडित छन् । विदेशी भूमिमा श्रम बेचेर रेमिट्यान्समार्फत होस् वा स्वदेशमा नै अनेक समस्या र अनुकुल परिस्थितीका बाबजुत उद्योग व्यावसाय सञ्चालन गरिरहेका नागरिकको स्वास्थ्य र लगानीको सुरक्षाको सवालमा राज्य गैरजिम्मेवार बनेको छ । उद्योग व्यवसायमा गरेको लगानी डुबेर वा लगानी गर्न बैंकबाट लिएको रकमको किस्ता तिर्न नसकेर कुनै व्यवसायीले आत्मादाह गर्‍यो भने उसले वा उसको परिवारले राज्यबाट एक रूपैयाँ पाउँदैन । दुई वर्षको निम्ति विदेशमा श्रम गर्न जाने एक नेपालीले सरकारलाई १५ सय ट्याक्स तिर्छ । उसको बीमा गरिएको हुनाले विदेशमा मृत्यु भएमा उसले करिब ७ लाख देखि १० लाख रूपैयाँ पाउँछ । तर, हामी म्यानपावर व्यवसायीले ५० लाख धरौटी राखेर वर्षौंदेखि करवापत राज्यलाई वार्षिक लाखौं रूपैयाँ बुझाए पनि हाम्रो अकस्मात मृत्यु भएमा हाम्रो परिवारले राज्यबाट एक रुपैयाँ पाउँदैन ।

म्यानपावर व्यवसाय आफैंमा योग्य व्यक्तिलाई आम्दानीको सही बाटो देखाएर सेवाको भावनाले दुई पैसा कमाउने व्यवसाय हो । नेपालमा पंक्तिकार जस्ता म्यानपावर व्यवसायीजस्तै अन्य लाखौं व्यवसायी छन् । जसले व्यवसाय सञ्चालनको निम्ति राज्यको खातामा मोटो रकम धरौटी राखेर पनि वार्षिकरूपमा राज्यलाई करवापत लाखौं रूपैयाँ तिर्छन् । हामीले राज्यलाई तिरेको मोटो करको फाइदा के छ ? यसको निम्ति व्यवसायीले राज्यलाई प्रत्येक वर्ष तिरेको करको आधारमा उसको अचानक मृत्यु भएमा परिवारले क्षतिपुर्ति पाउनेगरी व्यावसायिको बीमा गरिदिनुपर्छ ।

म्यानपावर व्यवसायी राज्यबाट नीतिगतरूपमा पीडित छन् । तर पनि राज्यको ध्यानाकर्षण गराउन व्यावसायिक एकताको अभाव छ । म्यानपावर व्यवसायीहरुको विभिन्न संगठन छन् । एउटा व्यक्तिले मूलभुत समस्यामाथि राज्यको ध्यानाकर्षण गराउन धेरै संघर्ष गर्नुपर्छ । तर संगठन जागेको अवस्थामा असम्भव भने हुँदैन । संगठनले व्यावसायिको पीडालाई सम्बोधन गर्दै व्यवसाय अनुकुलको नीतिगत लाभको सवालमा दीर्घकालिन रक्षक बन्नका निम्ति राज्यसँग लड्न अग्रसर भइरहनुपर्छ । तर, म्यानपावर व्यवसायमा भएका संगठनहरु नीतिगत लाभको लडाइँमा निश्क्रिय भएकाले व्यावसायिक असुरक्षा र विकृतिले पक्रन थालेको छ ।

कतिपय सांसदलाई थाहा पनि छैन कि प्रत्येक म्यानपावर व्यवसायीले व्यवसाय धरौटीको निम्ति राखेको करिब चार अर्ब रूपैयाँ सरकारको खातामा छ । राज्यले त्यो रकमको वार्षिक ५० करोड व्याजमात्र पाउँछ । यो रकमले एउटा गुणस्तरीय बैंक किनेर हजारौंलाई रोजगार उपलब्ध गराई दक्ष जनशक्तिलाई स्वदेशमा नै खपत गर्न सकिन्छ । तर, आफ्नो थोपा–थोपा मेहनतले राज्यलाई ठूलो रकम कर तिर्दा पनि व्यावसायिको अचानक मृत्यु भएमा उसको परिवारले क्षतिपूर्तिवापत राज्यबाट एक रूपैयाँ नपाउनु राज्यले व्यवसायीमाथि गरेको सबैभन्दा मनलाग्दीपन हो । राज्यलाई इमान्दारीपूर्वक करबापत वार्षिकरूपमा मोटो रकम बुझाउने व्यावसायिको स्वास्थ्य बीमाको सवाल सबैभन्दा महत्वपूर्ण छ । यो प्रश्नको जवाफदेही कुन निकाय हुने हो ?

म्यानपावर व्यवसायीले तिरेको करको ५० प्रतिशत रकम व्यावसायिको बीमामा लगानी गर्ने हो भने व्यावसायिको स्वास्थ्य सुरक्षाको निम्ति करिब ५० करोडको कोष तत्काल खडा हुन्छ । एउटा व्यवसायी अचानक बिरामी भयो भने यो उक्त कोषबाट उसले तत्काल लाभ पाउँछ । त्यसकारण नीति बनाउने नै म्यानपावर व्यावसायिको श्रमको ठूलो मूल्यमाथिको नैतिकतामा बेइमान बन्दा व्यावसायिको स्वास्थ्यमा नीतिगत उपेक्षा भइरहेको छ । बोल्ने नबोल्ने, गुहार माग्ने नमाग्ने, प्रश्न गर्ने, नगर्ने नयाँ–पुराना सबै उद्योगी व्यवसायी स्वास्थ्य बीमाको सवालमा राज्यबाट नीतिगत उपेक्षाको सिकार भएका छन् । जब घरभित्र पानी पस्छ तबमात्र मानिस उठ्छ भने झैं राज्यलाई मोटो रकम कर तिर्ने व्यवसायी जीवनमृत्युसँग लडेर अस्पतालको बेडमा जब महिनौं थलिन्छ तबमात्र उसले आफ्नो स्वास्थ्यको नीतिगत सुरक्षाको सवालमा बोल्छ । अन्यथा, ऊ स्वस्थ भएर व्यवसाय सञ्चालन गरून्जेल र पुनर्विचार नगरी राज्यलाई कर तिरुन्जेल आफ्नो स्वास्थ्यको नीतिगत सुरक्षाको सवालमा उ चुइक्क बोल्दैन ।

